# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## फागुपूर्णिमा(होली) पर्व, २०८२ शुभकामना सन्देश

रङ्गहरुको विशेष पर्व होलीको पावन अवसरमा बागमती प्रदेश, देश तथा विदेशमा रहनुहुने सम्पूर्ण दिदिबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, उल्लास र समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछु।

होली पर्व केवल रङ्गहरुको उत्सव मात्र नभई मनका मैलाहरु पखाल्दै आपसी कटुता, द्वेष र असहिष्णुतालाई परित्याग गर्ने सन्देश दिने साँस्कृतिक पर्व हो।

वसन्त ऋतुको आगमनसंगै फाल्गुन पूर्णिमाको दिन पहाडी भेगमा र त्यसको भोलिपल्ट तराईमा यो पर्व एक आपसमा रङ्ग दलेर अनि खुशी र शुभकामना साटासाट गरेर अति हर्षोल्लासका साथ मनाउने गरिन्छ। होली पर्व आपसी सद्भाव, मेलमिलाप, भाइचारा, एकता, प्रेम र आत्मिय सम्बन्धको प्रतिक हो। खराब प्रवृत्तिलाई दहन अर्थात नाश गरेर सत्यता र न्यायलाई स्थापित गर्ने सन्देश यो पर्वले बोक्दछ। होलीमा खेलिने विविध रङ्गहरु जस्तै नेपाली समाजपनि जातिय, भाषिक र सांस्कृतिक रुपमा विविधतापूर्ण रहेको छ। यहि विविधता बिचको एकता नै हामी नेपालीको पहिचान र सुन्दरता हो।

होली पर्व रङ्गहरुको उत्सव सुरक्षित, सभ्य र मर्यादित रुपमा मनाउन तथा सामाजिक सद्भाव कायम राख्न सबैमा हार्दिक आग्रह गर्दछु।

अन्त्यमा, यो होली पर्व २०८२ ले समाजमा रहेका विभेद, कटुता र द्वेषलाई त्यागि मेलमिलाप, सहकार्य र राष्ट्रिय एकताको भावना अभिवृद्धि गर्न प्रेरणा प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

**२०८२ साल फागुन १८ गते, सोमबार**
**ने.सं. ११४६ चिल्लाथ्व: चतुर्दशी**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**

Archived at https://infobank.bagamati.gov.np